प्रमुख समाचार

- स्वतन्त्रता दिवसको पूर्व सन्ध्यामा राष्ट्रपतिले देशलाई सम्बोधन गर्नुहुँदै
- प्रधानमन्त्रीले स्वतन्त्रता दिवसको अवसरमा राष्ट्रिय ध्वज फहराउनका साथै राष्ट्रलाई सम्बोधन गर्नुहुने
- जम्मू-कश्मीरको पद्दार क्षेत्रमा बादल फाट्दा धेरैजनाको मृत्यु
- लाल किल्लामा हुने स्वतन्त्रता दिवस समारोहमा राष्ट्रिय अनुसूचित जाति र अनुसूचित जनजाति हब योजनाअन्तर्गत एक सय लाभार्थी आमन्त्रित अनि
- स्वतन्त्रता दिवसको अवसरमा कुल एक हजार नब्बे कर्मीहरू वीरता र सेवा पदकले सम्मानित

## President ID

देशभरि भोली उनासीयौं स्वतन्त्रता दिवस पालन गरिनेछ। यसको पूर्व सन्ध्यामा अहिले सात बजीदेखि राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रलाई सम्बोधन गरिरहनुभएको छ। यो आकाशवाणीक◌ा सबै राष्ट्र◌िय नेटवर्कमा प्रसारित भइरहेछ भने दूरदर्शनक◌ा सबै च◌्यानलमा हिन्दी र अंग्रेजीम◌ा प्रसारित भइरहेछ। दूरदर्शनमा हिन्दी अनि अंग्रेजीम◌ा सम्बोधनक◌ो प्रसारणपछि दूरदर्शनक◌ा क्षेत्र◌िय च◌्यानलहरूद्वारा क्षेत्रीय भाषाम◌ा पनि यसक◌ो प्रसारण गरिनेछ। आकाशवाणीले आफ्ना सम्बन्धित क्षेत्रीय नेटवर्कमा रात◌ि साढे नौ बज◌ीदेखि क्षेत्रीय भाषाम◌ा यसक◌ो प्रसारण गर्नेछ।

---------------------------------------X---------------------------------------

## PM ID

प्रधानमन्त्री नरेन्द्र मोदीले उनासीयौं स्वतन्त्रता दिवसको अवसरमा भोली दिल्लीमा लाल किल्लाको प्राचीरबाट राष्ट्रिय ध्वज फहराउनका साथै राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ।

वर्ष 2047-सम्म विकसित भारतको सरकारको दृष्टिकोणअनुरूप यस वर्ष स्वषतन्त्रता दिवस समारोहको विषय नया भारत हो। यस वर्ष स्वतन्त्रता दिवस समारोहअवधि अपरेशन सिन्दूरको सफलताको उत्सव मनाइनेछ। निमन्त्रणा पत्रमा अपरेशन सिन्दूरको लोगो र चिनाब पुलको वाटरमार्क पनि अंकित छ। यस वर्ष लाल किल्लामा हुने समारोहमा सामेल हुन विभिन्न क्षेत्रबाट लगभग पाँच हजार विशिष्ट अतिथिहरूलाई आमन्त्रित गरिएको छ।

---------------------------------------X---------------------------------------

## Kishtwar-Cloud burst

जम्मू कश्मीरको किश्तवार जिल्लाको एउटा दुर्गम गाउँमा आज दिउँसो बादल फाट्दा धेरैको मृत्यु भएको छ भने पचहतरभन्दा अधिक मानिसहरू घाइते हुनका साथै धेरैजना अझै निखोज छन्। हाम्रा जम्मू संवाददाताअनुसार यो घटना मचैल माता यात्रा मार्गमा पर्ने एउटा सुदूर गाउँ चौशितीमा भयो। घटनापछि मन्दिरको वार्षिक यात्रा स्थगित गरिएको छ अनि अधिकारीहरू व्यापक रूपमा बचाउ र राहत कार्यका लागि घटनास्थल तर्फ प्रस्थान भए। उद्धार, राहत र पुन:व्यवस्थापन कार्यमा बीस दिन लाग्नसक्ने अधिकारीहरूले बताएका छन्।

राष्ट्रिपति द्रौपदी मुर्मु र प्रधानन्त्री नरेन्द्र  मोदीले यस घटनामा भएको मानिसहरूको मृत्युनमाथि शोक व्यक्त गर्नुभएको छ। एउटा सोशल मिडिया पोस्टहमा राष्ट्रपतिले भन्नुभएको छ, जम्मू कश्मीरको किश्तवाडमा भएको घटनामा मानिसहरूको मृत्युको समाचार अत्यन्त दुखदायक छ। उहाँले शोक सन्तप्त परिवारप्रति संवेदना प्रकट गर्दै बचाउ र राहत कार्यको सफलताको कामना गर्नुभयो।

प्रधानमन्त्री श्री नरेन्द्र  मोदीले आफ्नो शोक सन्देशमा भन्नुभएको छ, किश्तवाडमा बादल फाट्दा अनि बाढीबाट प्रभावित मानिसहरूको कुशलताका लागि उहाँ प्रार्थना गरिरहनुभएको छ। एउटा सोशल मिडिया पोस्टामा उहाँले भन्नुभएको छ, स्थितिमाथि ध्यान राखिँदैछ अनि राहत र बचाउ कार्य जारी छ। प्रधानमन्त्रीले भन्नुभएको छ, आवश्यकतामा परेका मानिसहरूलाई सहायता प्रदान गरिनेछ।

गृह मन्त्री अमित शाहले घटनाको बारेमा उपराज्यपाल मनोज सिन्हा र मुख्यमन्त्री उमर अब्दुल्लासित कुरा गर्नुभयो। एउटा सोशल मिडिया पोस्टमा श्री शाहले भन्नुभएको छ, स्थानीय प्रशासनले राहत र बचाउ अभियान चलाइरहेछ। NDRF-को टोली घटनास्थलमा पुगिसकेको छ अनि सरकारले स्थितिमाथि कड़ा निगरानी राखिरहेछ।

---------------------------------------X---------------------------------------

## Red Fort-Special Guest

नयाँ दिल्लीमा भोली लाल किल्लामा हुने स्वतन्त्रता दिवस समारोहमा राष्ट्रिय अनुसूचित जाति तथा अनुसूचित जनजाति हब योजनाअन्तर्गत एक सय लाभार्थीलाई

उनीहरूका जीवनसाथीको साथमा आमन्त्रित गरिएको छ। यी लाभार्थीहरू विभिन्न राज्यका ग्रामीण र शहरी क्षेत्रबाट रहेका छन्। यी मध्ये पूर्वोत्तरका छहवटा राज्य र छहवटा केन्द्रेशासित प्रदेश समावेश छन्। सूक्ष्म्, लघु तथा मध्यम उद्यम मन्त्री जीतन राम माझी अनि राज्य मन्त्री शोभा करंदलाजेद्वारा स्वतन्त्रता दिवस समारोहमा यी विशेष अतिथिहरूको सम्मानमा भोजको प्रबन्ध भइरहेछ।

प्रधानमन्त्री नरेन्द्र मोदीले 2016-मा यस योजनाको शुरुवात अनुसूचित जाति र अनुसूचित जनजातिबीच उद्यमितालाई प्रोत्साहन दिने उद्देश्यले गर्नुभएको थियो। यसको उद्देश्य सार्वजनिक खरीद नीतिअन्तर्गत यी वर्गका व्यक्तिहरूको स्वामित्व भएका सूक्ष्म तथा लघु उद्यमबाट चार प्रतिशतको अनिवार्य खरीदलाई पूरा गर्नु पनि थियो। वर्तमानमा एक लाख अड्चालीस हजार अनुसूचित जाति र अनुसूचित जनजातिका उद्यमीहरूले यस योजनाको लाभ उठाइरहेछन्।

----------------------------------------X---------------------------------------

## Independence Day-Police Medal

स्वतन्त्रता दिवसको अवसरमा पुलिस, अग्निशमन, होमगार्ड, नागरिक सुरक्षा तथा सेवाका कुल एक हजार नब्बे कर्मीहरूलाई वीरता र सेवा पदकले सम्मानित गरिएको छ। गृह मन्त्रालयले भनेको छ, दुई सय तेंतीस कर्मीलाई वीरता पदक, नरनब्बे कर्मीलाई विशिष्ट सेवाका लागि राष्ट्रपति पदक र सात सय अन्ठाउन कर्मीलाई सराहनीय सेवाका लागि पदकले सम्मानित गरिएको छ।

----------------------------------------X---------------------------------------

## Delhi- LA

उनासीयौं स्वतन्त्रता दिवसको अवसरमा दिल्ली विधानसभा परिसर आज र भोली साँझ पाँच बजीदेखि राती आठ बजीसम्म आम नागरिकका लागि खुल्ला रहनेछ। विधानसभा सचिवालयले भनेको छ, यसअवसरमा दिल्लीवासीले एक सय पन्द्र वर्ष पुरानो ऐतिहासिक विधानसभा भवनको भ्रमण गर्दै परिसरभित्र स्थित महत्त्वपूर्ण ऐतिहासिक स्थल हेर्न सक्नेछन्।

----------------------------------------X---------------------------------------

## Delhi ID Traffic

दिल्ली यातायात पुलिसका विशेष आयुक्त K जगदीशनले आज भन्नुभएको छ, स्वतन्त्रता दिवसअवधि सुरक्षा बनाइ राख्नका लागि दुई हजारभन्दा अधिक ट्राफिक कर्मचारीहरूलाई तैनात गरिएको छ। यसका अतिरिक्त शहर भरिमा हजारौं सुरक्षा र स्थानीय पुलिसकर्मी पनि तैनात गरिएको छ। उहाँले जानकारी दिँदै भन्नुभएको छ, सुचारू यातायातका लागि स्वतन्त्रता दिवस समारोहका सबै गणमान्यको सुचारू आवागमनका लागि पार्किङ लेबल तथा निर्धारित मार्ग दिइएको छ। यसबारे बोल्दै श्री जगदीशनले भन्नुभयो

यसरी नै बस वा चार्टर्ड बसबाट आउने आम नागरिकका लागि एउटा विशिष्ट मार्ग निर्धारित गरिएको छ।

-------------------------------------X-------------------------------------

## Rajnath Talks with Students

रक्षा मन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा अण्डमान र निकोबार द्विप समूहका बाह्रौं कक्षाका तीसजना जनजातिय विद्यार्थीहरूसित कुराकानी गर्नुभयो। उहाँले विद्यार्थीहरूलाई जीवनका हरेक चुनौती निडर भएर विश्वासका साथ सामना गर्न अनि भारतलाई सबैभन्दा शक्तिशाली देश बनाउनमा योगदान दिन आह्वान गर्नुभयो। मानवीय मूल्यको महत्त्वमाथि जोड़ दिँदै रक्षा मन्त्रीले यसलाई व्यक्तिको चरित्र निर्माणमा सबैभन्दा महत्त्वपूर्ण पक्ष बताउनुभयो। कुराकानीको यो कार्यक्रम आरोहण द्वीपदेखि दिल्ली अभियानअन्तर्गत आयोजन गरियो, जसमा अण्डमान निकोबर कमानले विद्यार्थीहरूका लागि सात दिनको भ्रमणको प्रबन्ध गरेको थियो। यस अवसरमा प्रमुख रक्षा अध्यक्ष अनिल चौहान र एकीकृत रक्षा स्टाफ प्रमुख एयर मार्शल आशुतोष दीक्षित पनि हुनुहुन्थ्यो।

-------------------------------------X-------------------------------------

## BJP- Congress- SIR

भारतीय जनता पार्टीले कंग्रेसमाथि आरोप लगाउँदै भनेको छ, कंग्रेसले बिहारमा निर्वाचन आयोगको तर्फबाट गरिएको विशेष गहन पुनरीक्षणमाथि दोहोरो मापदण्ड अपनाइरहेछ। आज नयाँ दिल्लीमा केन्द्रिय मन्त्री तथा भाजपा वरिष्ठ नेता गजेन्द्र सिंह शेखावतले संवाददाताहरूसितको कुराकानीमा भन्नुभयो, कंग्रेस नेता राहुल गान्धीद्वारा संवैधानिक निकायको निष्ठामाथि प्रश्न उठाएर यस मुद्दामा मानिसहरूलाई दिगभ्रमित पार्ने कोशिश भइरहेछ। उहँले भन्नुभएको छ

श्री शेखावतले यो पनि आरोप लगाउनुभयो कि कंग्रेसले धेरै अवसरमा सत्तामा आउन अनैतिक र अनुचित तरिका अपनायो। उहाँले भन्नुभयो, 1952-को लोकसभा चुनाउअवधि कंग्रेसले डाक्टर अम्बेलडरको पक्षमा परेको चौहृतर हजार मतलाई अवैध घोषित गरेर उहाँलाई जीतबाट बञ्चित गरायो।

--------------------------------------X--------------------------------------

## Sonowal Har Ghar Tiranga

केन्द्रिय बन्दरगाह, जहाजरानी र जलमार्ग मन्त्री सर्बानन्द सोनोवालले भारतको उनासीऔं स्वतन्त्रता दिवसअघि आज डिब्रूगढ़मा हर घर तिरंगा अभियानको शुरुवात गर्नुभयो। डिब्रूगढ़ लोकसभा क्षेत्रका प्रतिनिधि श्री सोनोवालले डिब्रूगढ़मा भाजपाका पूर्व डिब्रूगढ़ जिल्ला अध्यक्ष र डिब्रूगढ़ विश्वविद्यालयका सेवानिवृत्त प्राध्यापक डाक्टर हरेन्द्र नारायण दत्ता, प्रसिद्ध लोक कलाकार रामचन्द्र संचोनी र राष्ट्रिय स्वयंसेवक संघ (RSS)-का संस्थापक अध्यक्ष वरिष्ठ अधिवक्ता असीम दत्ताको आवासको भ्रमण गर्नुभयो। यस भेटमा वरिष्ठ भाजपा नेता श्री सर्बानन्द सोनोवालले सबैलाई अभिवादन जनाउँदै राष्ट्रिय ध्वज भेट गर्नुभयो अनि हर घर तिरंगा अभियानमा सहभागी बन्न आग्रह गर्नुभयो।

यो अभियान आज जम्मु-कश्मीर, महाराष्ट्र, पञ्जाब, चेन्नई आदिका विभिन्न स्थानमा पनि पालन गरियो।

--------------------------------------X--------------------------------------

प्रमुख समाचार पुनः एकपल्ट

- स्वतन्त्रता दिवसको पूर्व सन्ध्यामा राष्ट्रपतिले देशलाई सम्बोधन गर्नुहुँदै
- प्रधानमन्त्रीले स्वतन्त्रता दिवसको अवसरमा राष्ट्रिय ध्वज फहराउनका साथै राष्ट्रलाई सम्बोधन गर्नुहुने
- जम्मू-कश्मीरको पद्दार क्षेत्रमा बादल फाट्दा धेरैजनाको मृत्यु
- लाल किल्लामा हुने स्वतन्त्रता दिवस समारोहमा राष्ट्रिय अनुसूचित जाति र अनुसूचित जनजाति हब योजनाअन्तर्गत एक सय लाभार्थी आमन्त्रित अनि
- स्वतन्त्रता दिवसको अवसरमा कुल एक हजार नब्बे कर्मीहरू वीरता र सेवा पदकले सम्मानित